नीलकण्ठ नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
धादिङबेशी, धादिङ
बागमती प्रदेश, नेपाल

प.सं.: २०८१।०८२
च.नं.:

## समुदायमा आधारित एक वडा एक कृषि उत्पादन कार्यक्रम कार्यान्वयनको लागि प्रस्ताव पेश गर्ने सम्बन्धी सूचना।

(सूचना प्रकाशित मितिः २०८१।०४।२८)

कृषि विकास निर्देशनालय/पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय, बागमती प्रदेश बाट समुदायमा आधारित एक वडा एक कृषि उत्पादन कार्यक्रम कार्यान्वयनका लागि वडा छनौटको लागि सूचना भएकोमा यस नगरपालिकाको मिति २०८१।०४।२७ गते बसेको नगर कार्यपालिका वैठकले नगरपालिकाको तर्फबाट लागत साझेदारी गर्ने भन्ने निर्णयसमेत गरेकाले उक्त कार्यक्रममा सहभागी हुन इच्छुक कृषक समूह तथा सहकारीलाई देहायबमोजिमका वुदाँहरुलाई मनन गर्दै यो सूचना प्रकाशन भएको मितिले ७ (सात) दिन भित्र प्रस्ताव पेश गर्नहुनका लागि सूचना गरिएको छ।

देहायः

१. कृषक समुह वा कृषि सहकारीमा कम्तिमा २५ घरधुरी कृषक सदस्य हुनुपर्नेछ।
२. कृषिजन्य बाली तर्फ तरकारी (उच्च प्रविधि), धान, मकै, दलहन, कागती, सुन्तला, रेशम खेतीमध्येबाट र पशुपन्छीजन्य वस्तु तर्फ बाखा, गाई, भैसी, रेन्बो ट्राउट, कुखुरापालन, भेडा, चौरीपालनमध्येबाट छनौटको लागि प्रस्ताव गर्नुपर्नेछ।
३. प्रस्ताव गरिएको विषयले सम्बन्धित वडालाई एक कृषि वा पशुपन्छी तथा मत्स्य उत्पादनमा भविष्यमा पहिचान बनाउन सक्ने हुनुपर्नेछ।
४. कम्तिमा २० प्रतिशत रकम लागत साझेदारी लक्षित समुदायले गर्नुपर्नेछ।
५. छनौट भईसकेपछी पाँच वर्षे कार्यक्रम तथा कार्ययोजना तयार गरी सोही बमोजिम कार्यक्रम सञ्चालन हुनेछ।
६. विस्तृत जानकारी समुदायमा आधारित एक वडा एक कृषि उत्पादन कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८० बाट लिनसकिनेछ। सो कार्यविधि यसै सुचनासाथ समेत संलग्न छ।
७. प्रस्ताव गर्ने ढाँचा यसै सूचना साथ संलग्न छ।
८. थप जानकारीको लागि यस कार्यालयका पशु विकास अधिकृत प्रकाश लुईटेल, मो.नं.: ९८४२५३३२५४ र कृषि अधिकृत चुन बहादुर राई, मो.नं. ९८४२०२५९५६

(पुरुषोत्तम सुवेदी)
प्रमुख प्रशासकीय अधिकृत

स्वीकृत मिति : २०८०/१०/११

# समुदायमा आधारीत एक वडा एक कृषि उत्पादन कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८०

**प्रस्तावना:** समुदायमा आधारित खेती प्रणालीको अनुशरण मार्फत कृषिजन्य बाली वस्तुको उत्पादन गरी प्रशोधन तथा बजारीकरण प्रवर्द्धन गर्दै स्थानीय तहसँगको सहकार्यमा कृषि उत्पादनमा स्वनिर्भर वडा निर्माण गर्न विनियोजन भएको बजेट तथा कार्यक्रम कार्यान्वयनलाई व्यवस्थित, प्रभावकारी र पारदर्शी बनाउन वाञ्छनीय भएकोले,

प्रदेश सुशासन ऐन, २०७७ को दफा ४६ ले दिएको अधिकार प्रयोग गरी बागमती प्रदेश सरकारले यो कार्यविधि स्वीकृत गरेको छ।

## परिच्छेद- १
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ:** (१) यस कार्यविधिको नाम "**समुदायमा आधारित एक वडा एक कृषि उत्पादन कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८०**"रहेको छ।

(२) यो कार्यविधि प्रदेश राजपत्रमा प्रकाशन भएको मितिदेखि प्रारम्भ हुनेछ ।

२. **परिभाषा:** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "कार्यक्रम" भन्नाले वार्षिक स्वीकृत कार्यक्रममा उल्लेख भएको एक वडा एक कृषि उत्पादनसँग सम्बन्धित कार्यक्रम सम्झनु पर्छ ।

(ख) "कृषि उत्पादन" भन्नाले बाली, बागवानी, मौरी, रेशम, पशुपन्छी, माछाजस्ता कृषिका सबै उप-क्षेत्रसँग सम्बद्ध उत्पादनलाई सम्झनु पर्छ ।

(ग) "कृषक समूह" भन्नाले कृषि, पशुपन्छी तथा मत्स्य क्षेत्रमा कार्य गर्ने २५ घरधुरी वा सो भन्दा बढि सदस्यहरू रहेको स्थानीय तहको वडा कार्यालयमा सूचीकृत समूहलाई सम्झनु पर्छ ।

(घ) "कृषि सहकारी" भन्नाले प्रचलित कानून बमोजिम दर्ता भई कृषि, पशुपन्छी तथा मत्स्य क्षेत्रमा सम्बन्धित वडाका खण्ड (ग) बमोजिमका सदस्यहरू रहेको कार्य गर्ने कृषि, पशुपन्छी तथा बहुउद्देश्यीय सहकारी सम्झनु पर्छ।

(ङ) "उत्पादन सामग्री" भन्नाले कृषि, पशुपन्छी तथा मत्स्य उत्पादनमा प्रयोग हुने मल, बीउ, बेर्ना, पशु नश्ल, उन्नत जातको माउ तथा भाले, माछाको भुरा, औषधि, खोप, विषादी, जैविक पदार्थ तथा हर्मोन, तरल नाइट्रोजन, कृषि चुन तथा रसायन, दाना, पोषक तथा सुक्ष्म तत्व, कृषि औजार उपकरण, लगायतका कृषि उत्पादन कार्यमा टेवा पुऱ्याउने अन्य सामाग्री वा वस्तुलाई सम्झनु पर्छ।

(च) "कृषि पूर्वाधार" भन्नाले सार्वजनिक वा सामुदायिक प्रयोजनका लागि निर्माण हुने कृषि बजार पूर्वाधार, दूध तथा खसीबोका संकलन केन्द्र, दुग्ध चिस्यान केन्द्र, माछा बजार,

प्रमुख सचिव

मत्स्य नर्सरी, ह्याचरी, दाना उद्योग, नर्सरी स्थापना, संरक्षित संरचना, साना सिँचाई संरचना जस्ता कृषि, पशुपन्छी र मत्स्य उत्पादन, प्रशोधन र बजार सम्बन्धी विभिन्न पूर्वाधारलाई सम्झनु पर्छ।

(छ) "कार्यालय" भन्नाले निर्देशनालय मातहतको कृषि, पशुपन्छी तथा मत्स्य क्षेत्र हेर्ने जिल्लास्तरका कार्यालयहरू सम्झनु पर्छ।

(ज) "प्रदेश" भन्नाले बागमती प्रदेश सम्झनु पर्छ।

(झ) "मन्त्रालय" भन्नाले प्रदेशको कृषि तथा पशुपन्छी विकास मन्त्रालय सम्झनु पर्छ।

(ञ) "निर्देशनालय" भन्नाले कृषि उत्पादन सँग सम्बन्धित कार्यक्रमको हकमा मन्त्रालय मातहतको कृषि विकास निर्देशनालय र पशुपन्छी तथा माछा उत्पादन सम्बन्धी कार्यक्रमको हकमा मन्त्रालय मातहतको पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय सम्झनु पर्छ।

(ट) "लक्षित समुदाय" भन्नाले यस कार्यक्रम सञ्चालनको लागि छनौट भएका कृषक समुह वा कृषि सहकारी सम्झनु पर्छ ।

## परिच्छेद -२
## संस्थागत व्यवस्था

३. निर्देशक समितिः (१) कार्यक्रम कार्यान्वयनको लागि नीतिगत विषयमा आवश्यक निर्देशन दिन मन्त्रालयमा देहाय बमोजिमको निर्देशक समिति रहनेछ ।

क. माननीय मन्त्री, मन्त्रालय -अध्यक्ष
ख. उपाध्यक्ष, प्रदेश नीति तथा योजना आयोग, -सदस्य
ग. सचिव, आर्थिक मामिला तथा योजना मन्त्रालय -सदस्य
घ. सचिव, मन्त्रालय -सदस्य
ङ. सचिव, उद्योग, वाणिज्य, भूमि तथा प्रशासन मन्त्रालय -सदस्य
च. निर्देशक, निर्देशनालय (कृषि/पशुपन्छी) -सदस्य सचिव

(२) उपदफा (१) बमोजिमको निर्देशक समितिको काम, कर्तव्य र जिम्मेवारी देहाय बमोजिमको हुनेछः-

क. कार्यक्रम कार्यान्वयन सहजीकरण समितिबाट पेश हुन आएका स्थानीय तह, वडा र कृषि उत्पादनको छनौट स्वीकृत गर्ने,

ख. कार्यक्रम कार्यान्वयनमा सहजीकरण गर्ने,

ग. कार्यक्रमको अनुगमन तथा निरीक्षण गर्ने,

प्रमुख सचिव

घ. कार्यक्रम सञ्चालनको क्रममा आईपरेका वाधा अडचन फुकाउने,

(३) निर्देशक समितिको बैठक सम्बन्धी कार्यविधि समितिले निर्धारण गरे बमोजिम हुनेछ।

४. <u>कार्यक्रम कार्यान्वयन सहजीकरण समितिः</u> (१) कार्यक्रम कार्यान्वयनलाई सहज बनाउन सम्बन्धित निर्देशनालयमा कार्यक्रम कार्यान्वयन सहजीकरण समिति रहनेछ;-

क. निर्देशक, निर्देशनालय -संयोजक

ख. प्रमुख, आर्थिक प्रशासन शाखा, निर्देशनालय -सदस्य

ग. अधिकृत, सम्बन्धित शाखा, निर्देशनालय -सदस्य

घ. योजना हेर्ने अधिकृत, निर्देशनालय -सदस्य

ङ. प्रमुख, खरिद इकाई, निर्देशनालय -सदस्य सचिव

(२) समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिमको हुनेछ;-

क. स्थानीय तहको छनौटको सिफारिस गर्ने,

ख. कार्यक्रम कार्यान्वयनको लागि जिल्ला स्थित कार्यालयहरूलाई सहजीकरण गर्ने,

ग. त्रैमासिक रूपमा कार्य प्रगति निर्देशक समिति समक्ष पेश गर्ने,

(३) समितिले बैठकमा आवश्यकता अनुसार बढीमा दुई (२) जना विषय विज्ञलाई आमन्त्रण गर्न सक्नेछ।

## परिच्छेद- ३
## <u>कार्यक्रम सञ्चालन प्रक्रिया</u>

५. <u>कार्यक्रम सञ्चालनः</u> (१) कार्यक्रम छनौट भएका प्रदेश भित्रका वडा तथा लक्षित समुदायसँग अधिकतम पाँच वर्ष सम्म सञ्चालन गर्न सकिनेछ । पहिलो वर्षमा नै लक्षित समुदायसँग समन्वय गरी पाँच वर्ष सम्मको कार्यक्रम र कार्ययोजना तयार गरिनेछ।

तर पहिलो वर्षमा सम्झौता बमोजिम कार्य सम्पन्न नभएमा वा कार्य सन्तोषजनक नभएमा बाँकी वर्ष कार्यक्रम सञ्चालन गरिने छैन।

(२) कार्यक्रम छनौट सम्बन्धी प्रक्रिया सम्बन्धित निर्देशनालयबाट हुनेछ र कार्यक्रम कार्यान्वयन जिल्लास्तरको सम्बन्धित कार्यालयले गर्नेछ।

(३) कार्यक्रम कार्यान्वयन गर्दा जिल्लास्थित कार्यालयले स्थानीय तह र वडासँग आवश्यक समन्वय गर्नुपर्नेछ ।

(४) कार्यक्रम कार्यान्वयन पश्चात् फलोअप कार्यक्रममा दिने सेवा र सुविधाहरूको प्रतिशत घट्न सक्नेछ ।

६. <u>कृषि उत्पादन, स्थानीय तह र वडाको छनौट</u>: (१) कृषि उत्पादन र वडाको छनौटको लागि निर्देशनालयले प्रदेशका सबै स्थानीय तहहरूलाई पत्राचार गर्नुपर्नेछ।

(२) प्रदेशभित्रका स्थानीय तहहरूले कार्यपालिका बैठकको निर्णयबाट लागत साझेदारी गर्ने प्रतिबद्धता सहित कृषि बाली वस्तुको लागि एक वडा र पशुपन्छी तथा मत्स्यजन्य उत्पादनको लागि एक वडा छनौट गरी सम्बन्धित निर्देशनालयमा पेश गर्नुपर्नेछ।

(३) उपदफा (२) बमोजिमको कृषि वालि, पशुपन्छी तथा मत्स्यजन्य उत्पादनको छनौट गर्दा सम्बन्धित जिल्लामा प्राथमिकता प्राप्त बाली सहितको अनुसूची-१ बमोजिमको सूचिलाई आधार लिनुपर्नेछ।

(४) स्थानीय तहले वडा छनौट गर्दा वडामा कृषि, पशुपन्छी तथा मत्स्यजन्य उत्पादनको प्राविधिक उपयुक्तता, सक्रिय कृषक सङ्ख्या, खेती गरिने क्षेत्रफल, पशुपालनको अवस्था, गरिब वा विपन्न वर्ग र भविष्यमा एक कृषि, पशुपन्छी तथा मत्स्य उत्पादनमा वडालाई पहिचान बनाउन सक्ने गरी छनौट गर्नुपर्नेछ।

(५) निर्देशनालयले स्थानीय तहको लागत साझेदारीको प्रतिबद्धता, कृषक घरधुरी सङ्ख्या, खेतीयोग्य जमिन, मानव विकास सूचाङ्क, कृषि क्षेत्रको प्राथमिकता लगायतका मापदण्डको आधारमा स्थानीय तह, वडा र कृषि उत्पादन छनौटको लागि निर्देशक समिति समक्ष सिफारिस गर्नुपर्नेछ।

(६) उपदफा (५) बमोजिम कृषि वा पशुपन्छी तथा मत्स्य उत्पादन छनौटको सिफारिस गर्दा सम्बन्धित निर्देशनालय बीच आवश्यक समन्वय गर्नुपर्नेछ।

(७) स्थानीय तह, वडा र कृषि उत्पादन छनौटको स्वीकृति निर्देशक समितिले गर्नेछ ।

(८) छनौट भएका वडा जुन कृषि उत्पादनको लागि छनौट भएको हो, सोही उत्पादनमा केन्द्रित हुनुपर्नेछ । आगामी वर्षहरूमा कृषि उत्पादन परिवर्तन गर्न पाईने छैन ।

७. <u>कार्यक्रम र कार्ययोजना तयारी तथा स्वीकृति</u>: (१) छनौट भएका वडाका लक्षित समुदायसँगको समन्वयमा प्राविधिकले पाँच वर्षसम्मको लागि कार्यक्रम तथा कार्ययोजना तयार गर्नुपर्नेछ ।

(२) कार्यक्रम तयार गर्दा कृषिजन्य वालि वस्तुको उत्पादनमा केन्द्रित हुदै मूल्य श्रृंखला विकास गरी बजारीकरण प्रवर्द्धन हुने र कार्यक्रम सञ्चालन पश्चात कृषिजन्य उत्पादन उल्लेख्य मात्रामा वृद्धि हुने गरी गर्नुपर्नेछ ।

(३) कार्यक्रम तयार गर्दा सम्बन्धित वडाको वडासमिति सदस्यहरू र कृषकहरू बैठक बसी सामूहिक रूपमा उत्पादन गर्ने र बढी भन्दा बढी सक्रीय कृषकहरू आबद्ध हुने गरी गर्नुपर्नेछ।

(४) उपदफा (३) बमोजिम तयार गरेको कार्यक्रमको स्वीकृति स्थानीय तहको सिफारिसमा जिल्लास्थित सम्बन्धित कार्यालयले गर्नेछ ।

प्रमुख सचिव

८. <u>सम्झौताः</u> (१) छनौट भएको लक्षित समुदाय, सम्बन्धित कार्यालय र स्थानीय तह बीच त्रिपक्षिय सम्झौता हुनेछ ।

(२) लक्षित समुदायसँग सम्झौता गर्नु अघि सोही प्रकृतिको कार्यक्रमको लागि अन्य सरकारी संस्थाबाट दोहोरो सुविधा नलिएको प्रतिबद्धता लिनु पर्नेछ।

९. <u>कार्यक्रम सञ्चालनका क्षेत्रहरूः</u> यस कार्यक्रमको सञ्चालन कृषिका उप-क्षेत्रसँग सम्बन्धी देहायका क्रियाकलापहरू सञ्चालन गर्न सकिनेछः-

(क) कृषिजन्य उत्पादन सामाग्री,
(ख) कृषि उत्पादन सम्बद्ध पूर्वाधार निर्माण,
(ग) भण्डारण तथा प्रशोधन सम्बद्ध पूर्वाधार निर्माण,
(घ) उत्पादन, प्रशोधन, भण्डारण, बजार प्रवर्द्धन र मूल्य अभिवृद्धि सम्बद्ध यन्त्र, उपकरण, मेसिनरी, ढुवानी साधन खरिद,
(ङ) सम्बन्धित उत्पादनको प्रविधि, ज्ञान तथा सीप र बजारीकरण सम्बन्धमा कृषकको क्षमता विकास।

१०. <u>प्राथमिकता दिइने</u>ः कार्यक्रम सञ्चालन भएका वडाहरूमा कृषि सामग्रीको सुनिश्चितता, कृषि पूर्वाधार, सिँचाई सेवा र प्राविधिक सहयोगलाई लागि प्रदेश सरकारले उच्च प्राथमिकता दिई सम्बन्धित मन्त्रालयसँग समन्वय गरी आवश्यक व्यवस्था मिलाउनेछ ।

## परिच्छेद- ४
## <u>आर्थिक पक्ष</u>

११. <u>लगानीको ढाँचाः</u> (१) यस कार्यक्रममा प्रदेश सरकार, स्थानीय तह र लक्षित समुदायको लगानी क्रमश साठी प्रतिशत, बीस प्रतिशत र बीस प्रतिशत हुनेछ ।

(२) यो कार्यविधि बमोजिम प्रदेश सरकार र स्थानीय तहले निजीक्षेत्रसँग सम्झौता गरी कार्यक्रम सञ्चालन गर्न सक्नेछन्।

(३) उपदफा (२) बमोजिमको सम्झौता अनुसार लगानीको ढाँचा र प्रतिशत त्रिपक्षीय सम्झौतामा उल्लेख भए बमोजिम हुनेछ।

१२. <u>बजेट तथा भुक्तानीः</u> (१) यस कार्यक्रमको लागि स्वीकृत वार्षिक बजेटको परिधिभित्र रही रकम खर्च गर्नुपर्नेछ ।

(२) कार्यक्रम सञ्चालनको पहिलो वर्षमा एक वडामा प्रति लक्षित समुदाय परियोजनाको जम्मा लगानीको बढीमा ६० प्रतिशत वा रु. ४० लाख मध्ये जुन कम हुन्छ सो रकम उपलब्ध गराइनेछ।

(३) स्थानीय तहले बेहोर्ने रकम सम्बन्धित कार्यालयले तोकेको बैक खातामा जम्मा भए पश्चात आवश्यक प्रक्रिया पुर्याइ लक्षित समुदायको बैक खाता मार्फत किस्ताबन्दीमा भुक्तानी गरिनेछ।

प्रमुख सचिव

(४) लक्षित समुदायले व्यहोर्ने रकम कार्यक्रममा नगद वा श्रमदानको रूपमा लगानी हुने सुनिश्चित गरी खर्च गर्नुपर्नेछ। यस्तो रकम लगानी नभएमा प्रदेश सरकारले उपलब्ध गराउने सो बराबरको रकम रोक्का राखिनेछ।

(५) कार्यक्रम कार्यान्वयनमा सहजीकरण तथा प्राविधिक सहयोगका लागि प्रति स्थानीय तह एक जना कृषि, भेटेरिनरी सम्बन्धी प्राविधिक राख्न सकिनेछ।

## परिच्छेद- ५
## विविध

१३. **सम्पर्क व्यक्ति (Focal Person) तोक्नुपर्नेः** यस कार्यक्रमको कार्यान्वयन सम्बन्धमा आवश्यक सहजीकरण, तथ्याङ्क संकलन तथा प्रतिवेदनको लागि जिल्लास्थित कार्यालय, निर्देशनालय र मन्त्रालयमा अधिकृतस्तरको एक, एक जना कर्मचारीलाई सम्पर्क व्यक्ति (Focal Person) तोक्नुपर्नेछ ।

१४. **दोहोरोपना हुन नहुनेः** यस कार्यक्रमलाई प्रभावकारी र व्यवस्थित बनाउन संघ, प्रदेश तथा स्थानीय तहबाट कार्यान्वयन हुने सोही प्रकृतिका कार्यक्रम तथा आयोजनासँग दोहोरोपना नहुने गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्नेछ। दोहोरो सुविधा लिएको पाइएमा सम्पूर्ण प्रोत्साहन रकम कानून बमोजिमको ब्याज सहित असुल गरिनेछ।

१५. **असुल उपर गरिनेः** लक्षित समुदायले सम्झौता अनुरूप रकम लिई दुरुपयोग गरेको पाईएमा सरकारी बाँकी सरह असुल उपर गरिनेछ।

१६. **अनुगमन तथा मूल्याङ्कनः** (१) कार्यालयले सञ्चालित कार्यक्रमहरूको नियमित अनुगमन तथा मूल्याङ्कन गर्नेछ।

(२) मन्त्रालय तथा निर्देशनालयले आवश्यकता अनुसार सञ्चालित कार्यक्रमहरूको अनुगमन तथा मूल्याङ्कन गर्नेछ।

(३) सञ्चालित कार्यक्रमहरूको अनुगमन सम्बन्धित प्रदेश सभा सदस्य, जिल्ला समन्वय समिति र स्थानीय तहले समेत गर्न सक्नेछन ।

१७. **संशोधनः** प्रदेश सरकारले यो कार्यविधिमा आवश्यकता अनुसार संशोधन गर्न सक्नेछ।

१८. **प्रचलित कानून बमोजिम हुनेः** यस कार्यविधिमा उल्लेख भएका प्रकियाको सम्बन्धमा यसै कार्यविधि बमोजिम र अन्य विषयहरू प्रचलित कानून बमोजिम हुनेछ ।

प्रमुख सचिव

अनुसूची- १

(दफा ६ को उपदफा ३ सँग सम्बन्धित)

<u>कृषि वाली, पशुपन्छी तथा मत्स्यजन्य उत्पादन छनौटको सूची</u>

| क्र.स. | जिल्ला | कृषिजन्य बाली | पशुपन्छीजन्य वस्तु |
|---|---|---|---|
| १ | रसुवा | स्याउ,आलु, तरकारी, च्याउ, मास र कागती | याक, रेन्बो ट्राउट, भेडा, चौरी र बाख्रा |
| २ | नुवाकोट | आलु, स्ट्रबेरी, खाद्यान्न, तरकारी (उच्च प्रविधि), कफी, किवी, च्याउ, अलैंची, कागती र खुर्पानी | रेन्बो ट्राउट, बाख्रा, भेडा, कुखुरापालन, बंगुर |
| ३ | धादिङ्ग | तरकारी (उच्च प्रविधि), धान, मकै, दलहन, कागती, सुन्तला, रेशम खेती | बाख्रा, गाई, भैसी, रेन्बो ट्राउट, कुखुरापालन, भेडा, चौरी |
| ४ | काठमाण्डौं | पुष्प खेती, तरकारी, च्याउ, कागती, नासपती, लप्सी, कौशी खेती | कुखुरापालन, गाईपालन, |
| ५ | ललितपुर | कफी, चिया, पुष्प, तरकारी (उच्च प्रविधि), मह, च्याउ, कागती, कौशी खेती | कुखुरा, बंगुर, गाई, बाख्रा, भैंसी, रेन्बो ट्राउट |
| ६ | भक्तपुर | तरकारी (उच्च प्रविधि), च्याउ, आलु, धान, पुष्प, कागती कौशी खेती | कुखुरापालन, गाईपालन |
| ७ | काभ्रे | कफी, आलु, च्याउ, किवी, स्ट्रवेरी, खाद्यान्न, पुष्प, तरकारी, कागती, मसलाबाली | गाईपालन, भैंसीपालन, बाख्रापालन, बंगुर, कुखुरापालन |
| ८ | सिन्धुपाल्चोक | किवी, चिया, खाद्यान्न, कफी, आलु, च्याउ, कागती, मसलाबाली, | रेन्बो ट्राउट, गाई, भैंसी, बाख्रा, भेडा, चौरी, बंगुर |
| ९ | दोलखा | आलु, किवी, तरकारी, अलैंची, कागती, चिया, कफी, हलुवावेद | रेन्बो ट्राउट, भेडा, गाई, चौंरी, बाख्रा, याक |
| १० | रामेछाप | आलु, तरकारी, किवी,जुनार, चिया, कफी, अलैंची, कागती, खाद्यान्न | रेन्बो ट्राउट, बाख्रा, चौंरी, गाई,भेडा |
| ११ | सिन्धुली | जुनार, खाद्यान्न, कटहर, केरा, एभोकाडो, हलुवावेद, कागती, तरकारी, दलहन | बाख्रा, माछा, गाई, भैंसी, बंगुर |
| १२ | चितवन | खाद्यान्न, पुष्प, बिउ, तरकारी, केरा, मह, चिउरी, एभोकाडो, हलुवावेद, लिची, किवी, कागती, सुन्तला, कौशी खेती, तरकारी (उच्च प्रविधि), | बाख्रा, माछा, गाई, भैंसी, कुखुरा, बंगुर |
| १३ | मकवानपुर | तरकारी, अलैंची, मह, च्याउ, चिउरी, नासपती, किवी, आलु, सुन्तला, एभोकाडो, हलुवावेद, कागती, कौशी खेती | माछा, गाई, बाख्रा, बंगुर, रेन्बो ट्राउट |

प्रमुख सचिव